# लम्कीचुहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भल्का, कैलाली
### सुदूरपश्चिम प्रदेश नेपाल

प.स. २०७८।०७९
च.नं.

मितिः २०७९।०३/३०

**मौसम पुर्वानुमान सम्बन्धी सूचना।**

जल तथा मौसम विज्ञान विभागको मौसम पुर्वानुमान महाशाखाको पुर्वानुमान अनुसार यस वर्ष अत्याधिक बर्षा भई बाढी आउने पुर्वानुमान भएको हुदाँ नगरपालिका बासी सम्पुर्णमा आफ्ना घर नजिकका नालाहरु सफाई,सडक तथा नालाहरुमा राखिएका निर्माण सामाग्रीहरुको ब्यवस्थापन गर्नुका साथै पुर्व तयारीका साथ बसिदिनहुन हार्दिक अनुरोध गरिन्छ।

०७९।३।३०
.....................
बिक्रम चौधरी
नि.प्रमुख प्रशासकीय अधिकृत

बिक्रम चौधरी
नि. प्रमुख प्रशासकिय अधिकृत

जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा
मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
जारी मिति: २०७९/०३/३० गते बिहान ०६:०० बजे

**मौसम विश्लेषण (Meteorological Analysis)**
हाल देशभर मनसुनी वायुको सामान्य प्रभाव रहेको छ ।

**हाल मौसमको अवस्था (Present Weather Status)**
हाल देशभर आंशिक देखि सामान्य बदली रहेको छ । कर्णाली प्रदेशका थोरै स्थानहरुमा र बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानहरुमा र हल्का देखि मध्यम वर्षा भइरहेको छ।

**२०७९ असार ३० गते (बिहिबार)**
**दिउँसो:** देशभर आंशिक देखि सामान्य बदली रहनेछ। बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानहरुमा र बाँकी भू-भागका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशको पहाडी भू-भागमा आँशिक देखि सामान्य बदली रही बाँकी भू-भागमा आँशिक बदली रहनेछ । प्रदेश १ लगायत देशको पहाडी भू-भागका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**२०७९ असार ३१ गते (शुक्रबार)**
**दिउँसो:** देशभर आंशिक देखि सामान्य बदली रहनेछ। देशका पहाडी भू-भागका केही स्थानहरुमा र बाँकी भू-भागका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशभर आँशिक देखि सामान्य बदली रहनेछ । प्रदेश १, मधेश प्रदेश र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरुमा र बाँकी प्रदेशका एक-दुई स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**२०७९ असार ३२ गते (शनिबार)**
**दिउँसो:** देशभर आंशिक देखि सामान्य बदली रहनेछ। बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानहरुमा र बाँकी भू-भागका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।
**राती :** देशभर आँशिक देखि सामान्य बदली रहनेछ। बागमती प्रदेश र गण्डकी प्रदेशका पहाडी भू-भागका केही, बाँकी प्रदेशका पहाडी भू-भागका थोरै र बाँकी प्रदेशका एक-दुई स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**
बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानहरुमा र बाँकी भू-भागका थोरै स्थानहरुमा मेघ गर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेकोले नदी नाला तथा खहरे खोलाहरूमा पानीको सतह बढ्न सक्ने तथा